# नवलपुरको भ्रष्टचारका ३९ मुद्दा दर्ता/शिक्षाका उजुरी सबै भन्दा बढि

कावासोती । नवलपरासी पूर्व नवलपुरमा चार महिनाको अवधीमा ३९ ओटा भ्रष्टचारका मुद्धा दर्ता भएका छन् ।
यस आर्थिक वर्षको चार महिनाको अवधी यो संख्यामा भ्रष्टचारका मुद्धा दर्ता भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलका प्रमुख रविलाल पन्थले जानकारी दिए । उनका अनुसार दर्ता भएका भ्रष्टचारका मुद्धा मध्य सबै भन्दा धेरै शिक्षा क्षेत्रका १९ ओटा मुद्धा रहेका छन् ।
शिक्षा क्षेत्रमा खास गरेर विद्यालयको भवन निर्माण गर्दा गुणास्तहीन बनाएका, कर्मचारी भर्नामा अनियमितता, छात्रवृतीको रकम दुरुपयोग, पाठ्य पुस्तकको रकम दुरुपयोग जस्ता उजुरी धेरै रहेको कार्यालय प्रमुख पन्थले बताए । यसै गरि स्थानियतह नगरपालिका, गाउपालिकामा निर्माण क्षेत्रमा अनियमितता, उपभोक्ता समितिमार्फत भएका काम गुणस्तरहिन, वडा अध्यक्षले वडाका काम आफुखुसी आफ्नै साधन प्रयोग गरि गर्ने गरेका लगाएतका प्रकृतिका ११ ओटा मुद्धा दायर भएको उनले बताए । कार्यालय प्रमुख पन्थका अनुसार नवलपुर क्षेत्रबाट वन संग सम्बन्धित तीन, जलस्रोत तथा सिचाईका दुई, भुमी, भौतिक पूर्वाधार, गृह र सहरी विकाश सम्बन्धि एक–एक ओटा भ्रष्टचारका मुद्धा दायर भएका छन् । यस आर्थिक वर्षमा दर्ता भएको ३९ ओटा मुद्धा मध्य १६ वटा मुद्धा फर्छौट भएका र तेईसओटा मुद्धा अनुसन्धानका क्रममा रहेको उनले बताए ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलमा ६० प्रतिशत बेनामी उजुरी पर्ने गरेको समेत कार्यालय प्रमुख पन्थले बताए । उनका अनुसार कुनै पनि नाम नखुलाई पर्ने यस्ता खालका उजुरीको कार्यालयले प्रारम्भिक छानविन गरि उजुरी अनुसारको घटना भए नभएको बुझेर अन्य कार्वाहीको प्रकृया अगाडी बढाउने गरेको छ । जिम्मेवारीबोध नहुनु, सदाचारको अभावले भ्रष्टचारका घटना वृद्धी भएकाले यसलाई नियन्त्रणका लागि सबै आफ्नो स्थानबाट लाग्न आवश्यक रहेको कावासोतीमा भएको भ्रष्टचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै प्रमुख पन्थले यस्तो बताए ।
अर्न्तक्रिया कार्यक्रममा बोल्दै कार्यक्रमका अतिथि एव जिल्ला समन्वय समितिका अध्यक्ष चेसराम आलेले भ्रष्टचार नियन्त्रण गर्नु हरेको दायित्व भएको सबैले सचेत भएर आफ्नो भुमिका निर्वाहा गर्न सके भ्रष्टचारमा कमि आउने बताए ।
भ्रष्टचार विरुद्धमा कानूनहरु पर्याप्त मात्रामा भएको तर कानूनले मात्र यसलाई रोक्न नसकन्ने हुदा स्वयम आफै सचेत हुनुपर्ने बताए । प्रमुख जिल्ला अधिकारी दिपक राज नेपालले सरकारी कार्यालयहरुमा हुने भ्रष्टचार नियन्त्रणका लागि कार्यालय बाट जनतालाई कसरी सेवा प्रदान भईरहेको छ भनेर कार्यालय प्रमुखले चासो दिनेहो भने अनियमिताका गतिविधिमा सुधार आउने बताए ।
कावासोतीको सभाहलमा भएको अर्न्तक्रिया कार्यक्रममा जनप्रतिनिधि,सरकारी कार्यालय प्रमुख,नागरिक समाज,पत्रकार लगाएतको सहभागिता रहेको थियो ।












# वनबाट फाईदै फाईदा, बिपन्नलाई घर नै उपहार

**खेमनारायण महतो**



कावासोती । कावासोती २ का मान बहादुर नेपालीले पहिले सामुदायिक बन उपभोक्ता समुहको सदस्य बन्दा घास दाउराको लागी मात्रै होला भन्ने सोच्थे तर अहिले सामुदायिक वनले उनैलाई घर नै उपहार दिएपछि दङ्ग परेका छन् ।
कावासोती नगरपालीका २ मा रहेको नवदुर्गा सामुदायिक बन उपभोक्ता समुहको 'घ' श्रेष्ठीका उपभोक्ता हुन् मानबहादुर । उनै सगै 'घ' श्रेष्ठीका सोही वडाका नामदेब भुषाल र तिला चापागाईले पनि गत बिहिबार २ कोठे घर उपहार पाएका छन् ।
नवदुर्गा सामुदायिक वन उपभोक्ता समुहले गरिब तथा विपन्न वर्ग खर्च शिर्षकबाट ३ जनालाई २/२ कोठाको घर उपहार सोरुप दिएको छ ।
वनलाई सामुदायले नै सरक्षण गरी राम्रो आम्दानि लिन सकिन्छ भन्ने उदारण बनेको छ कावासोतीको नवदुर्गा सामुदायिक बन उपभोक्ता समुह । गरिब तथा विपन्न वर्ग खर्च शिर्षकबाट ३ जनालाई १३ लाख ४१ हजार २ सय ४५ रुपौया बराबरको घर मात्रै होईन गरिब तथा बिपन्न वर्ग खर्च शिषकबाट यो बर्ष २२ लाख २७ हजार ६ सय ३२ रुपौया बराबर आफ्नो गरिब तथा बिपन्न उपभोक्तालाई आयमुलक र आवस क्षेत्रमा खर्च गरेको छ नवदुर्गा सामुदायिक वन उपभोक्ता समुहले ।
मानबहादुरलाई जस्तै कमला सुनारलाई पनि सामुदायिक बनबाट पनि लाभ लिन सकिन्छ भन्ने कुरा हेक्का थिएनँ । तर उनले उहिल्यैदेखि (सामुदायीक वन हुनु पूर्ब) त्यही वनबाट घाँस, दाउरा, र स्याउला सोत्तर भने ओसारि रहेकी थिईन् । तर गत बिहीबार नवदुर्गा सामुदायिक वनको ८ औं साधारण सभामा कुखुराको खोर सामुदायीक वनले निमार्ण गरी हस्तान्तरण गरीदिए पछि अहिले उनि निकै खुसी देखिन्छिन् । गाउँका सबैले मिलेर वनको संरक्षण र उपभोग गर्दा बन पनि सरक्षण हुने र वनमा आम्दानि भएको रकम आफ्नै लागी पनि फाईदा हुने कमला सुनारले बताईन् ।
वन क्षेत्रको संरक्षणमा समुदायका सबै जाति, सबै वर्ग र क्षेत्रको संलग्नता हुँदा उपभोगमा समेत समानाधिकार बढेको छ । वनको आम्दानीले सबै उपभोक्ताको हितमा काम गर्दै आएको समूहले अहिलेसम्म आइपुग्दा धेरै फड्को मारेको नवदुर्गा सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष कृष्ण ठाडाले बताए । वन समूहमार्फत उपभोक्ताका दैनिकीमा समेत परिवर्तन भएका छन् । अहिले नवदुर्गा सामुदायिक वनलाई दिगो रुपमा राख्नका लागि 'वैज्ञानिक वन ब्यवस्थापन' गरेपछि झन उपभोक्ताहरुले रोजगारी समेत पाएका छन् । भने सामुदायिक बनको आम्दानी पनी बढेको अध्यक्ष ठाडाले बताए । वनको संरक्षण मात्र होईन् उपभोक्ताहरुले प्रत्यक्ष–अप्रत्यक्ष रुपमा फाइदा समेत लिएको अध्यक्ष ठाडाको भनाई छ । अहीले यो गत आर्थिक वर्षमा मात्रै नवदुर्गा सामुदायिक वनले १ करोड ३१ लाख बराबरको बार्षिक आम्दानी गरेको छ । यसको ३५ प्रतिशत रकम गरिब तथा बिपन्न वर्ग खर्च शिर्षक, ४० प्रतिशत समाजिक तथा संस्थागत विकासमा र २५ प्रतिशत रकम वन विकासमा लगाएको नवदुर्गा सामुदायिक वनको कार्यालय सचिव रोजीना थालाले बताईन् ।
सामुदायिक वनको संरक्षण गर्दै समुदायको पर्यावरणमा समेत असर नपुग्नेगरी यहाँका वनका उपभोक्ताले लिएको लाभका उदाहरण गर्ने नवदुर्गा सामुदायिक वन उपयुक्त देखिएको छ । 'पहिले–पहिले वनबाट लिइने फाइदाबारे पत्तै थिएन' नवदुर्गा सामुदायिक वनको उपभोक्ता श्याम बहादुर सारुले भने 'अहिले उपभोक्ता समुहमा छलफल र सरसल्लाह गर्न थालेपछि सबै कुरा थाहा हुन थाल्यो, वनको संरक्षण गर्यो भने सबैलाई फाइदै हुँदो रहेछ ।' समूहको कोषबाट उपभोक्ताहरु मध्ये कसैको भौतिक सम्पत्ति क्षति हुँदा, प्राकृतिक प्रकोप, रोग बिराम हुँदा तथा विभिन्न आर्थिक संकट आईलाग्दा सहयोग गर्ने गरिएको अध्यक्ष कृष्ण ठाडाले बताए । समुहको कोषबाटै गाउँमै रहेको नवदुर्गा आधारभुत बिद्यालयका बालबालीकालाई छात्रवृत्ति समेत दिने गरीएको अध्यक्ष ठाडाले बताए ।

# मालपोत कार्यलयमा सेवा प्रवाहा बिलम्ब

**दयाराम आचार्य**

कावासोती । सरकारको केन्द्रिय निती अनुसार मालपोत कार्यालय कावासोतीलाई अनलाइन प्रणालीमा ल्याएपनी दक्ष जनशक्ति अभावका कारण सेवाग्राही मर्कामा परेका छन् । अनलाइन प्रणालीमा सेवा शुरु गरेसंगै दक्ष जनशक्ती कम हुदा दैनिक कम्तिमा ४५ ओटा राजीनामा, धितो, ठाडो रोक्का स्वीकृतका काम हुने गरेका छन् । यस अघि दैनिक रुपमा १ सय पचासको हाराहारीमा राजीनामा, धितो, ठाडो रोक्का लगाएतका कार्यहरु हुदै आएकोमा अनलाइन प्रणालीमा लगेसंगै मालपोत कार्यालयबाट हुने सेवा प्रवाहामा कमि आएको छ । अहिले कुनै पनि काम सम्पन्न गर्नका लागि छ, सात दिन लाग्ने गरेको छ । अनलाईन प्रणालीमा जादा कर्मचारीहरु अध्यस्त हुन नसक्दा समस्या भएको मालपोत कार्यालय कावासोतीका प्रमुख अशोक कुमार भट्टराईले बताए । उनका अनुसार सर्भर ढिलो गरि चल्ने, नेटको समस्याका कारण समेत सेवा प्रवाहामा समस्या हुदै आएको छ । अनलाईन प्रणालीमा काम गर्दा अहिलेको जनशक्ति अभाव भएको प्रमुख भट्टराईले बताए । मालपोत कार्यालय कावसोतीमा २९ जना कर्मचारीको दरबन्दि रहेपनी हाल २३ जना मात्र कर्मचारी रहेका छन् । प्रमुख भट्टराईका अनुसार बिभागमा कर्मचारी थपका लागि अनुरोध गरिएको र कर्मचारी थप भएमा पहिले जस्तै गरि सेवा प्रहावागर्न सकिने बताए । कार्यालय प्रमुख भट्टराईका अनुसार सहज रुपमा पहिलेको जस्तै सेवा प्रवाहा गर्नका लागि कम्तिमा तीन महिना लाग्ने छ । कर्मचारी अनलाईन प्रणालीमा अभ्यस्त हुने र थप कर्मचारीको समेत व्यवस्थापन गरे संगै तीन महिनामा यस्तो समस्या हटने उनले बताए । मालपोत कार्यालय कावासोतीले सेवाग्राहीको काम सहज रुपमा छिटो गर्नका लागि टोकन प्रणाली संचालन गरेको छ । प्रत्यक दिन निवेदन दिनेको नाम क्रमश दर्ता गर्दै क्रमबद्ध रुपमा निवेदकको काम गर्दे आएको छ । दर्ता भएका निवेदनका आधारमा कार्यालय समय शुरु हुनुपूर्व सो दिनमा काम हुने निवेदकको नाम प्रकाशित गरि सोही अनुसार काम गर्दै आएको छ । तर सेवाग्राहीले भने कुन दिन आफ्नो काम हुने हो भनेर चार, पाच दिन धाउन परेको गुनासो गरेका छन् ।
कतिपय सेवाग्राहीले टोकन अनुसार भन्दा पनि केही कर्मचारी र लेखापढीको मिलेमतोमा पालो मिच्दै आफ्ना फाईलहरुको मात्र काम गर्ने गरेको गुनासो गरेका छन् ।
कार्यालय प्रमुख भट्टराईले भने यस्तो कार्य हुन नदिन आफु सजग रहेको र क्रमअनुसारनै सेवाग्राहीलाई सहज रुपमा सेवा दिनका लागि कर्मचारीलाई निर्देशन दिएको बताए ।





